## विद्यावारिधि गर्ने ज्येष्ठ नागरिकलाई प्रोत्साहन आनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :** विद्यावारिधी गर्ने ज्येष्ठ नागरिकलाई प्रोत्साहन अनुदान प्रदान गर्ने प्रकृयालाई सरल एवम् पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१)यस कार्यविधिको नाम "विद्यावारिधि गर्ने ज्येष्ठ नागरिकलाई प्रोत्साहन अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि ,२०७७" रहेको छ।

(२)यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ख) "ज्येष्ठ नागरिक भन्नाले" ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा (२) को उपदफा (क)बमोजिमको नेपाली नागरिकलाई सम्झनुपर्छ ।

३. **छनौटका आधार :** विद्यावारिधी गर्ने ज्येष्ठ नागरिकको छनौटको न्यूनतम शर्त देहाय बमोजिम हुनेछः-

(क) ६० वर्ष उमेर पुरा भएको,

(ख) नेपालका कुनै विश्वविद्यालयबाट विद्यावारिधिको लागि प्रस्ताव छनौट भैसकेको,

(ग) स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(घ) विश्वविद्यालयको सिफारिस पत्र ।

४. **छनौट प्रकृया सम्बन्धी व्यवस्था**:(१)विद्यावारिधी गर्ने जेष्ठ नागरिक छनौटका लागि मन्त्रालयको वेभसाईटमा एक्काईस दिनको समय दिई सूचना प्रकाशन गर्नेछ।

(२)उपदफा (१) बमोजिमको सूचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तह र राष्ट्रिय ज्येष्ठ नागरिक महासंघमा समेत पठाइनेछ ।



जुलीकुमारी महतो
मन्त्री

सचिव

(३) उपदफा (१)बमोजिम सूचना प्रकाशन भएको मितिले एक्काईस दिनभित्र विद्यावारिधिगर्ने ज्येष्ठ नागरिकले देहायका कागजात संलग्न राखी मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) विद्यावारिधी गर्ने विषयको अवधारणापत्र,

(ग) विश्वविद्यालयको सिफारिस पत्र ।

(४)विश्वविद्यालयलेसिफारिस गर्दा निजको व्यक्तिगत विवरण समेत खुल्ने गरी सिफारिस गर्नुपर्नेछ ।

५. संक्षिप्त सूची एवम् छनौट सम्बन्धी व्यवस्थाः(१)संक्षिप्त सूची एवम् छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयमा प्राप्त निवेदनको समितिले संक्षिप्त सूची तयार गर्नेछ,

(ख) निवेदन परेको मध्येबाट एक जनाको लागि तीन जनाको नाम संक्षिप्त सूची तयार गरी छनौट गरिनेछ,

(ग) खण्ड (ख) बमोजिम संक्षिप्त सूची तयार गर्दा शैक्षिक योग्यता र अवधारणा पत्रमा उच्चतम अङ्क प्राप्त गर्ने निवेदकलाई छनौट गर्नुपर्नेछ,

(घ) खण्ड (ग) बमोजिम संक्षिप्त सूचीमा परेकालाई सात दिनको समय दिई अन्तर्वाताको लागि बोलाईनेछ,

(ङ) शैक्षिक योग्यता, अवधारणा पत्र र अन्तर्वार्ताको कुल प्राप्ताङ्कमा उच्चतम अङ्क प्राप्त गर्नेलाई अनुदान प्रदान गर्न समितिले मन्त्रालयमा सिफारिस गर्नेछ,

(च) अनुदानको रकम वार्षिक बजेट तथा कार्यक्रम अनुसार मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) दफा ४ को उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा पर्याप्त निवेदन नपरेमा वा एक वटा परेपनि छनौट प्रकृया अगाडी बढाउन बाधा परेको मानिने छैन,

६. मूल्याङ्कनका आधारः(१)मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछन्:-

(क) शैक्षिक योग्यता,

९ख० विद्यावारिधी गर्ने विषयको अवधारणापत्र,

९ग० अन्तरवार्ता।



जुलीकुमारी महतो
मन्त्री

सचिव

(२) समितिले मूल्याङ्कन गर्दा अनुसुची-१ बमोजिम अङ्क प्रदान गर्नुपर्नेछ ।

७. **छनौट समितिः** (१)दफा ३ बमोजिम विद्यावारिधि गर्ने ज्येष्ठ नागरिक छनौट गरी मन्त्रालयमा सिफारिस गर्नका लागि देहाय बमोजिमको एक समिति रहनेछः-

(क) महाशाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (सम्बन्धितविषय हेर्ने) -संयोजक

(ख) प्रमुख, नीति योजना तथा अनुगमन शाखा, महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय -सदस्य

(ग) उपसचिव, कानुन तथा फैसला कार्यान्वयन शाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (उपसचिवस्तर) -सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ -सदस्य

(च) शाखा प्रमुख, ज्येष्ठ नागरिक संरक्षण शाखा, महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय -सदस्य-सचिव

(२)उपदफा (१) बमोजिमको छनौट समितिको काम कर्तव्य देहाय बमोजिम हनेछः-

(क) मन्त्रालयमा प्राप्त भएको निवेदनहरुलाई अध्ययन गर्ने,

(ख) मन्त्रालयमा प्राप्त भएको विवरणको छानविन गर्ने,

(ग) त्रिभुवन विश्वविद्यालयसँग वा अन्य सरकारी निकायहरुसँग आवश्यक परेको अवस्थामा थप पुष्ट्याई गर्ने विवरण माग गर्ने,

(घ) विद्यावारधि गर्ने २(दुई) जना ज्येष्ठ नागरिकको नाम छनौटको लागि मन्त्रालयमा सिफारस गर्ने ।

(३)छनौट समितिले अनुसूची-१ बमोजिम मूल्याङ्कन गर्नेछ ।

(४)मूल्याङ्कन सम्बन्धी सम्पूर्ण अधिकार छनौट समितिलाई हुनेछ ।

८. **अनुदान रकम निकासा सम्बन्धी व्यवस्थाः** (१) ज्येष्ठ नागरिकले अनुदान लिनको निम्ति बैंक खाताको विवरण मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

(२)मन्त्रालयले बैंक खाता मार्फत अनुदान रकम एकमुष्ठ उपलब्ध गराइनेछ ।

९. **खर्च सम्बन्धी शर्त** : मन्त्रालयबाट अनुदान प्राप्त गर्ने ज्येष्ठ नागरिकले देहाय बमोजिम प्रयोग गर्नुपर्नेछः-

(क) नियमित प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।



जुलीकुमारी महतो
मन्त्री

(ख) यस मापदण्ड बमोजिम मन्त्रालयबाट जुन उद्देश्यको लागि रकम उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ ।

(ग) यस मापदण्ड बमोजिम प्राप्त हुने अनुदान चालु आ.व. भित्र लिनुपर्नेछ ।

१०. <u>भुक्तानी एवम् प्रगति सम्बन्धी व्यवस्था</u> : अनुदान प्राप्त गर्ने ज्येष्ठ नागरिकले अनुदान रकम भुक्तानी लिन आउदा विश्वविद्यालयको सुपरीवेक्षकको पत्र पेश गर्नुपर्नेछ।

(२) विद्यावारिधि गर्ने ज्येष्ठ नागरिकले छ-छ महिनामा आफ्नो शोधपत्रको प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> : यस मापदण्डमा उल्लेख भएका कुनै विषयमा द्विविधा उत्पन्न भए वा कुनै बाधा उत्पन्न भए बाधा फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

सचिव

जुलीकुमारी महतो
मन्त्री

अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

मूल्याङ्कनका आधार

| क.स. | विद्यार्थीको नाम/थर | स्नातकोत्तर तहको शैक्षिक योगयता | अवधारणापत्र | अन्तरवार्ता | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | १० | १० | २० | ४० | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| | | | | | | |

नोट- स्नातकोत्तर तहको शैक्षिक योग्यताको प्रथम श्रेणीका लागि १०, द्धितीय श्रेणीका लागि ९ र तृतीय श्रेणीका लागि ८ अंक प्रदान गरिने छ ।

जुलीकुमारी महतो
मन्त्री

सचिव

अनुसूची -२

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

विद्यावारिधि गर्ने ज्येष्ठ नागरिकलाई प्रदान गरिने अनुदानका लागि निवेदन दिने सम्बन्धी

सूचना

सूचना प्रकाशन मिति...............।.....।.......

ज्येष्ठ नागरिकको संरक्षण, हित प्रवर्द्धन तथा ज्ञान सीप हस्तान्तरण गर्ने नेपाल सरकारको नीति बमोजिम विद्यावारिधि गर्ने ज्येष्ठ नागरिकलाई प्रोत्साहन गर्ने उद्देश्यले "विद्यावारिधी गर्ने ज्येष्ठ नागरिकलाई प्रोत्साहन अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ को उपदफा ३ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र, विद्यावारिधि गर्ने विषयको अवधारणापत्र, विश्वविद्यालयको सिफारिस पत्रसहितको निवेदन यस मन्त्रालयमा यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिन भित्र दर्ता (इमेल ठेगाना-scpsministry@gmail.com) गराउनु हुन सूचित गरिन्छ । कार्यविधि र सूचना महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेभ साइटबाट download गर्न सकिनेछ । उक्त कार्यक्रम बारे थप बुझ्नु पर्ने भएमा मन्त्रालयको ज्येष्ठ नागरिक संरक्षण शाखा (फोन नं. ४२००१६५) मा सम्पर्क गर्न सकिनेछ ।

सचिव

जुलीकुमारी महतो
मन्त्री